स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सामाजिक विषयवस्तुमा सन्देश र चेतनामुलक गीत गाउँदै आइरहेका अभिनेता तथा गायक हरिवंश आचार्यले नयाँ गीत ल्याएका छन् । देशको बेरोजगारी र वैदेशिक रोजगारको समस्यालाई उठान गरेर उनले 'मुटु फस्याछ' बोलको गीत ल्याएका हुन् । आचार्यकै शब्द र संगीत रहेको गीतमा समीक्षा अधिकारीको समेत स्वर छ । गम्भिर विष्टले निर्देशन गरेको गीतको भिडियोमा हरिवंशसँगै प्रियंका कार्की, सरोज ओली र अञ्जली अधिकारीले अभिनय गरेका छन् ।

**आजको विचार...**



पूर्ण ओली

नयाँ...

(दुई पेजमा)



अभिनेता पल शाह र गायिका समीक्षा अधिकारीले एउटै कार्यक्रममा अवार्ड थापेका छन् । जमलस्थित राष्ट्रिय नाचघरमा बाँडिएको १४ औं संस्करणको विन्ध्यवासिनी म्युजिक अवार्ड थापेका हुन् । कार्यक्रममा गायिका समीक्षा अधिकारीले 'पोखरा बगरमा' बोलको गीतबाट लोक दोहोरी गायिका जुरी अवार्ड थापिन् । पलले भने विभिन्न गीतमा स्टेजमा नृत्य देखाएका थिए । उनले 'तिमी र म जामजाम' बोलको गीतबाट बेष्ट पपुलर अवार्ड म्युजिक भिडियो मोडल प्राप्त गरे ।

❒ वर्ष २९ ❒ अंक २२७ ❒ २०८० चैत ३ गते शनिबार 16 March 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### आठ आप्रवासीको डुबेर मृत्यु



**(रासस/एएफपी)**

**इस्तानबुल,** चैत २/टर्कीको समुद्री किनारामा डुङ्गा पल्टिँदा कम्तीमा आठ आप्रवासीको डुबेर मृत्यु भएको छ । स्थानीय गभर्नरको कार्यालयले शुक्रबार दिएको जानकारी अनुसार डुङ्गा दुर्घटनामा परेका कूल १२ जनामध्ये आठ आप्रबासीको डुबेर मृत्यु भएको थियो भने बाँकी चार जनाको सकुशल उद्धार भएको छ ।

दुर्घटनामा ज्यान गुमाएका व्यक्तिको राष्ट्रियता भने खुल्न सकेको छैन । टर्कीको उत्तरपश्चिमी प्रान्त क्यानाक्केलेको तटमा रहेको गोक्सिडा वा इम्ब्रोस भनिने टापुमा डुङ्गा पल्टिएको हो । अधिकारीहरूले खोजी तथा उद्धार कार्य जारी रहेको बताएका छन् । टर्कीले अधिकांश सिरियाली सहित करिब ४० लाख शरणार्थीलाई आश्रय दिइरहेको छ । अङ्काराले सन् २०१६ मा युरोपेली संघसँग आर्थिक सहायता लगायत विभिन्न प्रोत्साहनको बदलामा शरणार्थीहरूको आगमन रोक्न सम्झौता गरेको थियो ।

# काँग्रेसको मिसन ८४ हैन, झुपडीका घरहरूबाट गरिबी हटाउनु हो : सभापति श्रेष्ठ

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत २/नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले काँग्रेसको मिसन ०८४ नभएको बताएका छन् । केही राजनीतिक दलहरुले मिसन ०८४ भन्दै हिडिरहेका बेला उनले भने काँग्रेसको मिसन ०८४ नभएको स्पष्ट पारेका हुन् ।

शुक्रबार काँग्रेसको भातृ संस्था नेपाल भूतपूर्व सैनिक संघ पाल्पाले आयोजना गरेको एक औपचारिक कार्यक्रमलाई तानसेनमा सम्बोधन गर्दै प्रमुख अतिथि समेत रहेका सभापति श्रेष्ठले काँग्रेसको मिसन ०८४ नभई झुपडीका घरहरुबाट गरिबी हटाउनु रहेको बताए । उनले भने 'चुनावलाई लक्षित गर्दै केही राजनीतिक दलहरु मिसन ०८४ को कुरा गरिरहनु भएको छ । तर काँग्रेसले भने कसरी झुपडीबाट गरिबी हटाउन सकिन्छ भनेर लागि रहेको छ ।' काँग्रेसको एक मात्र मिसन भनेको विपन्न नागरिकका घरको धुरीबाट गरिबी हटाउनु रहेको सभापति श्रेष्ठले बताए । 'हामीले ठूला कुरा गर्दैनौं, जबसम्म आम नागरिक सम्पन्न हुँदैनन् तबसम्म न मुलुक बन्छ नत हाम्रो राजनीतिले सार्थकता प्राप्त गर्दछ । त्यसैले हामी आमनागरिकलाई उत्पादन र रोजगारीसँग जोडेर गरिबीको अन्त्य




गर्नु छ' उनले भने । सभापति श्रेष्ठले भूपु सैनिकहरुको काँग्रेसको संगठन निर्माणमा महत्वपूर्ण भूमिका रहेको भन्दै अब नागरिकको जीवनस्तर उकास्न समेत लाग्नु पर्ने धारणा व्यक्त गरे । उनले संघमा आवद्ध भूपुहरुको योगदानको पार्टीले उच्च मूल्यांकन गर्दै संगठनका विभिन्न तह र संरचनामा समेत उनीहरुलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गर्दै आएको बताए । सभापति श्रेष्ठले भने 'पछिल्लो समयमा सैनिकबाट अवकाश भएर आएका नयाँ भूपुहरु लोकतान्त्रिक विचारप्रति नजिक हुन सकेका छैन् उनीहरुलाई काँग्रेसको विचार, आस्थाका बारेमा जानकारी गराउनुपर्छ ।' उनले संघमा आवद्ध सबै भूपु सैनिकहरुलाई गाउँ-गाउँमा पुगेर काँग्रेसको विचार र आस्थाका बारेमा जानकारी गराउन समेत आग्रह गरे । सभापति श्रेष्ठले आत्मियतासहितको एकता अहिलेको आवश्यकता रहेको उल्लेख गर्दै संगठन निर्माणमा एक भएर लाग्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा विशिष्ट अतिथि लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री वीरबहादुर रानाले भूतपूर्व सैनिक अत्यन्त अनुशासित संगठन रहेको बताए । उनले अब अनुशासन बिनाको संगठन चल्लन नसक्ने भन्दै सबै संगठनहरु अनुसाशित बन्नुपर्नेमा जोड दिए । काँग्रेस पाल्पाका निवर्तमान सभापति समेत रहेका रानाले कम्युनिष्टहरुले भय र भ्रमको राजनीति गर्ने गरेकाले त्यसतर्फ सचेत हुन भूतपूर्व सैनिकहरुलाई आग्रह गरे । उनले भने 'कम्युनिष्टहरुले कहिल्य पनि जनाताको कदर गरेनन्, बरु भ्रमको खेती गरेर जनतालाई दुख दिने काम मात्र भयो । अब यसतर्फ सबै सचेत हुनुपर्ने बेला आएको छ ।' संगठनलाई बलियो र फराकिलो बनाएर लैजान राजनीतिक सुझ, बुझका साथ लोकतान्त्रिक आस्थाप्रति समर्पित हुन समेत भूपू सैनिकहरुलाई आग्रह गरे । उनले भने 'केही साथीहरुलाई कम्युनिष्टहरुले दिग्भ्रमीत पारेका छन् । उनीहरुलाई काँग्रेसको विचारका बारेमा बुझाउन जरुरी छ त्यसतर्फ संघमा आवद्ध साथीहरु सक्रिय भएर लागौं ।' कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका प्रवक्ता शोभाखर न्यौपाने, संघका केन्द्रीय प्रतिनिधि जुद्धवीर थापा, सल्लाहकार अमरबहादुर थापा, नेपाल प्रेस युनियन पाल्पाका उपाध्यक्ष रामचन्द्र रायमाझी लगायतले आ-आफ्ना धारणा राखेका थिए । संघका जिल्ला अध्यक्ष विष्णुबहादुर गाहाले संघको सांगठनिक प्रतिवेदन प्रस्तुत गर्दै संघले नेपाली काँग्रेसको संगठन विस्तार, भूपू सैनिकका परिवारको सुखदुखमा साथ र स्थानीय, प्रदेश र संघमा भएका निर्वाचनमा काँग्रेसका उम्मेदवारहरुलाई विजयी बनाउने जस्ता कार्यमा सशक्त ढंगले लागेको बताए । उनले आगामी दिनमा समेत थप सशक्त भए लाग्ने बताए ।

संघका कोषाध्यक्ष खड्कबहादुर थापाले संघको आयव्यय प्रस्तुत गरेका थिए । संस्थाका अध्यक्ष विष्णु गाहाको अध्यक्षता, उपाध्यक्ष केशरबहादुर खाँणको स्वागत, सचिव टिकाबहादुर रानाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## उपभोक्ता अधिकारको रक्षा गरौं ।

- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ ।

***उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरुपमा मनाऔं ।***

नेपाल सरकार


**विज्ञापन बोर्ड**

# स्वदेशी काठको उत्पादन र उपभोग बढाउने नीति कार्यान्वयन गर्न माग

**कृष्ण पोखरेल**

**पाल्पा,** चैत २/सामुदायिक वन उपभोक्ता महासंघको केन्द्रीय बैठकले विदेशी काठ आयातलाई तत्काल रोकी स्वदेशी काठको उत्पादन र उपभोग बढाउने नीति कार्यान्वयन गर्ने सरकारसँग माग गरेको छ । पाल्पामा बसेको वन उपभोक्ता महासंघको केन्द्रीय बैठकले १८ बुँदे पाल्पा घोषणापत्र जारी गर्दै स्वदेशी काठको उत्पादन र उपभोग बढाउने नीति कार्यान्वयन गर्ने सरकारसँग माग गरेको हो ।

नेपालबाट अरबौंको काठ आयातको लागि विदेशिएको तर स्वदेशका आफ्ना खेतबारीका समेत काठहरु जनताले प्रयोग गर्न नपाउँदा उपभोक्तामा



निराशा छाएको महासंघको ठहर छ । उसले वनको हेरचाहमा समेत कमी आएकाले सरकारले तत्काल विदेशी काठ आयात रोकी स्वदेशी उत्पादन र उपभोग बढाउनु पर्नेमा जोड दिएको हो । बैठकले समुदायलाई अपनत्व, रोजगारी आयआर्जन हुने गरी वन ऐन, नियम कानुन बनाउन समेत सरकारसँग माग गरेको छ । महासंघले बैठकले जारी गरेको १८ बुँदे घोषणा पत्रको पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ । संविधान र संघीय कानुन विपरित हुनेगरी प्रदेश सरकारहरुले उपभोक्ता समूहमा लगाउँदै आएको गैरकानुनी कर हटाउन बैठकले माग गरेको छ । प्रदेश सरकारले उपभोक्ता समूहबाट गैरकानुनी रूपमा संकलन गर्दै आएको शुल्क संकलनमा रोक लगाउने गरी सर्वोच्च अदालतबाट अन्तरिम आदेश कार्यान्वयन गर्न प्रदेशहरूलाई पत्राचार गरेपनि कार्यान्वयन नभएकाले तत्काल कार्यान्वयन गर्न महासंघले आग्रह गरेको छ । सरकारका वार्षिक नीति तथा कार्यक्रममा क्षमता विकासका कार्यक्रम, सुरक्षाका साधन स्रोत, इन्सुरेन्स, अग्नीरेखा निर्माण, जनचेतना, राहत, उचित क्षतिपूर्तिका लागि बजेट विनियोजन गर्नसमेत बैठकले आग्रह गरेको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सुनिश्चित खाद्य अधिकार

**खाद्य अधिकार मानिसले बाँच्न पाउने अधिकारसँग प्रत्यक्ष रुपमा जोडिएको विषय हो । खाद्य अधिकार भन्नाले 'प्रत्येक व्यक्तिले सम्मानपूर्वक स्वस्थ तथा सक्रिय जीवन जीउनका लागि दिगो रुपमा पर्याप्त, पोषणयुक्त, सुरक्षित र संस्कृतीजन्य खाना खान पाउने अधिकार' हो । यसले हरेक व्यक्तिले पर्याप्त खाद्य प्राप्त गर्ने 'कानुनी आधार' र राज्यले सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने 'बाध्यात्मक दायित्व' सिर्जना गर्दछ । खाद्य अधिकार उल्लंघन भएमा कानुनी उपचार प्राप्त गर्ने संयन्त्रको समेत व्यवस्था गर्दछ । खाद्य अधिकार अन्य अधिकारसँग पनि अन्तर सम्बन्धित छ । जसरी खाद्य अधिकार अन्य अधिकारहरुको उपभोगका लागि अपरिहार्य अधिकार हो । त्यसरी नै खाद्य अधिकारको उपभोगका लागि अन्य आधारभूत अधिकारको समेत प्रत्याभूति हुनु आवश्यक छ । नागरिकको खाद्य अधिकार सुनिश्चित गर्न आवश्यक प्रबन्ध गर्ने जिम्मेवारी खाद्य व्यवस्था तथा व्यापार कम्पनीको भए पनि बेला–बेलामा कम्पनीसँग आवश्यक खाद्यान्नको मौज्दात नरहेको कुरा बाहिर आउने गरेको छ । कम्पनीसँग पर्याप्त खाद्यान्न नहुँदा खाद्य सुरक्षामा जोखिम बढ्न सक्ने देखिएको छ । खास गरी प्राकृतिक प्रकोप, बाढीपहिरो, भूकम्प जस्ता विपत्तिमा खाद्यान्नको आपूर्ति व्यवस्था सहज बनाउनुपर्ने हुन्छ । पर्याप्त मात्रामा खाद्यान्न मौज्दात हुँदा मात्र आपत्विपद्का बेला आपूर्ति व्यवस्था सहज बनाउन सकिन्छ । कम्पनीसँग न्यून मात्र खाद्यान्न मौज्दात रहनु निश्चय नै चिन्ताको विषय हो ।**

**संविधानमा सबै नागरिकलाई खानेकुराको मौलिक हकमा प्रत्याभूति गरे पनि संस्थागत संरचना अति नै कमजोर रहेको खाद्य कम्पनीसँगै पर्याप्त खाद्यान्न मौज्दात नरहनुले स्पष्ट पारेको छ । सरकारले तोकेको समर्थन मूल्यभन्दा बढीमै व्यापारीले खरिद गर्दा कम्पनीले खरिद गर्न नसकेको कारणको उपचार समयमै हुनुपर्ने थियो, त्यस्तो देखिँदैन । यसमा सरकारका सम्बद्ध निकाय गम्भीर हुनैपर्छ । नेपाल कुनै बेला कृषिप्रधान मुलुक भएपनि बढ्दो जनसंख्यासँगै खाद्यान्न आयाततिर जान थालेको धेरै वर्ष भइसकेको छ । पछिल्ला वर्षमा त वैदेशिक रोजगारीको आकर्षणले कृषिप्रति लगाव निरन्तर घट्दो छ । यो अत्यन्त दुखको कुरा हो । यसर्थ सरकारले नागरिकको खाद्य अधिकार सुनिश्चित गर्न खाद्यको अभाव सिर्जना हुन दिनुहुँदैन ।**

## Opinion @ Social Network

माफ गर्नुहोस्, म घमण्डी होइन, औकात देखाउनेहरुसंग मेरो 'स्वभाव' मिल्दैन र त उनीहरूसंग टाढा बस्न मन पराउँछु।

*(मधुमाया रानाको फेसबुक स्टाटस https://www.facebook.com/madhumaya.rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नयाँ गठबन्धनमा प्रचण्डलाई केही गरेर देखाउने अवसर



## पूर्ण ओली

*अहिलेको देशको जटिल अबस्था कृषिमा छ । कृषकका खेतवारी बाँझा छन् । युवाहरु सबै बिदेशिएका छन् । तर त्यस्तो महत्वपूर्ण मन्त्रालय जान कुनैपनि दलहरु अनिच्छुक देखिए । किनकि त्यहाँ किसानबाट कमिसन पाइँदैन । यो अवसरलाई स्वतन्त्र दलले पनि गुमायो । अहिले कृषकका समस्यालाई समाधान गरी व्यवसायिक कृषि खेतिमा जोड दिँदै कृषिमा स्वावलम्बन हुने अत्यन्त जरुरी छ । त्यसको लागि सबै कृषकका खेतवारीमा सिचाइँको प्रबन्ध र बिउ मलको मात्र ब्यबस्था गर्न सके हाम्रा युवाहरु स्वदेशमा बस्न सक्ने थिए । सकिन्छ भने गाँजा खेतीलाई वैध बनाइ कृषकको आम्दानी बढाइयोस् । कृषकका तरकारी, दुध बजारमा पुगेर उचित मूल्य पाउन सके कृषकलाई ठूलो राहत हुने थियो । सरकारले गाउँका प्रत्येक वडामा कमसेकम एउटा कोल्ड स्टोरेज बनाइनु पर्छ । जसबाट किसानका तरकारी सडकमा फाल्नु पर्दैन । त्यस्तै गरेर भारतीय तरकारी फलफूलको आयत बन्द गराइनु पर्छ । यति गर्न सक्ने हिम्मतिलो र इमान्दार मन्त्री कृषिमा आउन सके मन्त्री र दलको समेत छवि राम्रो बन्ने थियो । परिणामस्वरुप देश खाद्यान्नमा स्वावलम्बनतर्फ अग्रसर हुने थियो ।*

प्रचण्डको अस्थिर र ब्यक्तिगत स्वार्थको कारण नेपालको राजनीति सधैं अस्थिर भइरहेको छ । उनीले आफैंले आफू बाचुँञ्जेल उथलपुथल भइरहने भनेर नेपालको राजनीति अस्थिर भइरहन्छ भन्ने सन्देश दिएका छन् । त्यसको अर्थ प्रचण्डको बहुलट्ठीपन मात्र होइन आफू अकालमा मर्न सकिन्छ या जेलमा पर्न सकिन्छ भन्ने डर कायम रहेको देखिन्छ । उनले जनता र देशको बिरुद्ध धेरै घात गरिसकेका छन् । माओबादी तेश्रो ठूलो दल भएर पनि कुनै दलको बहुमत नभएकोले सत्ताको साँचो माओबादीसँग छ । त्यही भएर प्रचण्डले १५ महिनामा दिनमा तीन पटकसम्म सत्ता परिबर्तन गरिसकेका छन् । तैपनि सत्ताका हकदार ठूला नेताहरु निर्वाचनको नियम कानुनमा संशोधन गरि कुनैपनि दलको बहुमत आउने बाटो बनाउने किन प्रयास गरिरहेका छैनन् ? यसका लागि कमसेकम समानुपातिकको ब्यबस्था हटाउनुपर्छ । या समानुपातिकबाट आउने सांसद सदस्यलाई राष्ट्रियसभामा लगेर थन्क्याउनु पर्छ । यति नगरेसम्म गठजोडको सरकार सधैंभरि यथावत् हुने संभावना छ ।

पछिल्लो अबस्थामा माओवादीले नेपाली कांग्रेसलाई लात मारेर फेरि एमालेसहितका दलहरुलाई साथ लिएर अर्को गठबन्धनको सरकार बनाएको छ । यसमा नयाँ दल भनिएको रवि लामिछानेको स्वतन्त्र दल सामेल भएको छ । जुन दल भर्खर स्थापना भएपनि धेरै युवाको आशाको केन्द्र भएको छ । तर रवि लामिछानेलाई शक्ति र सत्ताको लोभले गृह मन्त्रालय नै चाहियो । जसको सही सदुपयोग गर्न सके मात्र स्वतन्त्र दललाई लाभ पुग्नेछ । अन्यथा रवि लामिछानेले यसको दुरुपयोग गरे या लाचार बनेर केही गर्न नसके उनको सत्ताको भऱ्याङ झर्न सक्छ । खासगरी अपराधी र भ्रष्टचारमा दाग लागेका माथिल्लो तहका नेतालाई पक्राउ गर्न र लघुवित्त पीडक, मिटरब्याजीलगायत सहकारीका ठगलाई कारवाही गर्न सकेमात्र रवि लामिछानेको दलको छवि राम्रो होला । अन्यथा रविको छवि खस्कने छ । जसरी नारायणकाजीलाई प्रचण्डको पूरा सहयोग थियो र उनले राम्रो काम गरेर देखाउन सके । माथिल्लो तहका आरजू देउवाहरुलाई पक्राउ गर्न शेरबहादुरको कारणले नसकेको प्रष्ट नै छ । किनकि अनुसन्धानमा रहेका प्रहरी अधिकृतलाई शेरबहादुरको दवावमा अन्यत्र सरुवा गरेर अनुसन्धानमा बाधा पुऱ्याइएको थियो । के अब रवि लामिछानेले ती माथिल्लो ओहोदामा रहेका भ्रष्टहरु पूर्ब प्रधानमन्त्रीको ताँतीलाई पक्राउ गरेर कारवाही गर्न सक्छन् ? शायद उनले प्रयास पनि नगर्लान् कि ? नेपाली जनताले हेर्न चाहन्छन् रविको फुर्ती बोल्ने मात्र हो कि गरेर देखाउने हुन् । तर उनले कारवाही सुरु गर्ना साथ उनीलाई हटाइने छ या राजीनामा मागिने छ । यति मात्र भएपनि रविको इज्जत जोगिन सक्छ । उनी आफैं सहकारीको काण्डमा होमिइ सकेका छन् । यसबाट पनि उनी बाहिर आउन सहकारीका ठगलाई पक्राउ गर्न अनिबार्य भएको छ रविलाई । यदि साँच्चै स्वतन्त्र दलले चाहेको भए शिक्षासँगै, कृषि, सिचाइँ र पर्यटन मन्त्रालयको जिम्मा लिनु पर्थ्यो । जहाँ सबै मन्त्रालय जनतासँग प्रतक्ष्य सरोकारका बिषय हन् । अहिले शिक्षा मन्त्रालय स्वतन्त्र दलको छ । त्यहाँ काम गरेर देखाउने अत्यन्त महत्वपूर्ण कार्य भनेको विश्वविद्यालयबाट राजनीति पुरातवरमा हटाउने । शिक्षक र कर्मचारीको ट्रेड युनियन बन्द गराउने । यो महत्वपूर्ण कार्य गराउन सके देशको हितमा हुनेछ । अर्को अहिले सम्बर्द्धन दिएका मेडिकल कलेज दुर्गा प्रसाईंको झापाको बिएण्डसी मेडिकल कलेज र मनमोहन मेडिकल कलेजलाई विद्यार्थी भर्ना गर्ने स्वीकृति तुरुन्त दिइहाल्नु पर्छ । नर्सिङ पढाउने कलेजलाई रोकिनु हुँदैन जसको कारण हाम्रा होनाहार बिद्यार्थी बिहारको असुरक्षा खेपेर पनि पढ्न जान बाध्य भएका छन् । जसको कारण अरबौंको रुपैयाँ बिदेशिएको छ ।

यदि मेडिकल कलेज र नर्सिङ कलेज पढाउने क्राइट एरिया केही सहुलियत तथा सुविधापूर्ण बनाइ दिएर पनि हाम्रा विद्यार्थीले स्वदेशमा डक्टर नर्स पढ्न पाउन । यो अहिलेका शिक्षा मन्त्रीलाई काम देखाउने चुनौती र अवसर पनि हो । अहिलेको देशको जटिल अबस्था कृषिमा छ । कृषकका खेतवारी बाँझा छन् । युवाहरु सबै बिदेशिएका छन् । तर त्यस्तो महत्वपूर्ण मन्त्रालय जान कुनैपनि दलहरु अनिच्छुक देखिए । किनकि त्यहाँ किसानबाट कमिसन पाइँदैन । यो अवसरलाई स्वतन्त्र दलले पनि गुमायो । अहिले कृषकका समस्यालाई समाधान गरी व्यवसायिक कृषि खेतिमा जोड दिँदै कृषिमा स्वावलम्बन हुने अत्यन्त जरुरी छ । त्यसको लागि सबै कृषकका खेतवारीमा सिचाइँको प्रबन्ध र बिउ मलको मात्र ब्यबस्था गर्न सके हाम्रा युवाहरु स्वदेशमा बस्न सक्ने थिए । सकिन्छ भने गाँजा खेतीलाई वैध बनाइ कृषकको आम्दानी बढाइयोस् । कृषकका तरकारी, दुध बजारमा पुगेर उचित मूल्य पाउन सके कृषकलाई ठूलो राहत हुने थियो । सरकारले गाउँका प्रत्येक वडामा कमसेकम एउटा कोल्ड स्टोरेज बनाइनु पर्छ । जसबाट किसानका तरकारी सडकमा फाल्नु पर्दैन ।

त्यस्तै गरेर भारतीय तरकारी फलफूलको आयत बन्द गराइनु पर्छ । यति गर्न सक्ने हिम्मतिलो र इमान्दार मन्त्री कृषिमा आउन सके मन्त्री र दलको समेत छवि राम्रो बन्ने थियो । परिणामस्वरुप देश खाद्यान्नमा स्वावलम्बनतर्फ अग्रसर हुने थियो । त्यस्तै संस्कृति तथा पर्यटन मन्त्रालयबाट पनि ठोस कामहरु देखाउन सकिन्छ । त्यस्तै गरेर उर्जा तथा सिचाइँमा पनि देश र जनताको हितमा ठोस कार्य देखाउन सकिन्छ । तर दलका नेता सिर्फ पैसा र शक्तिमात्र हेर्ने गरेका छन् । जनहितमा गर्न सक्ने राम्रा काम बुझ्न सकेनन् या त्यसतर्फ ध्यान दिएको देखिएन । मन्त्रीहरु सिर्फ कमिसन आउने र ब्यक्ति तथा दललाई आम्दानी हुने सोच मात्र राखेर मन्त्रालय जाने अबसरमा रमाउँछन् । यस्ता मन्त्रीबाट देशले के अपेक्षा गर्न सकिन्छ? त्यसैले पहिले र अहिलेका मन्त्रीको सोचमा कुनै भिन्नता देखिएन । स्वतन्त्र दलका मन्त्रीहरुमा पनि भिन्नता पाइएन । जबसम्म कुनैपनि दल र नेताहरु दलाल, तस्कर र भूमाफियासँग साँठगाँठ गरिरहन्छन् त्यस्ता दल र नेताबाट जनताले केही पाउने आशा रहँदैन । तैपनि हालका स्वतन्त्र दलका धेरै नेता राम्रो छवि भएका हुनाले अहिलेका सरकारका मन्त्रीबाट केही परिणामको आश गर्न सकिन्छ । अहिलेसम्म राप्रपा कुनैपनि दाग नलागेको दल देखिन्छ । राप्रपा प्रष्ट एजेण्डासहित आन्दोलनमा छ । अझैपनि जनताले यस दललाई अवसर दिएर सत्तामा पुऱ्याए भने केही हुने आश गर्न सकिन्छ । स्वतन्त्र दलबाट पनि जनताले आशा मारिसकेका छैनन् । यसपालीको सरकारमा गएका मन्त्रीबाट राम्रो काम गरेर देखाउन सके भविष्य राम्रो हुन सक्ला । तर सरकारमा छविलालको नेतृत्व भइन्जेल जनहितमा ठोस काम हुन कठिन नै छ । तैपनि यसपालि एमाले र स्वतन्त्र दलको साथ हुनाले प्रचण्डलाई नराम्रो काम गर्नबाट रोक्न सक्छन् र केही राम्रा काम गरेर छाप छोड्न पनि सक्छन् ।

प्रचण्डले तेश्रो पटक विश्वासको मत पाइसकेका छन् । यसपालि कमसेकम अहिले संबिधानमा भएको समानुपातिकको ब्यबस्था हटाउन या समानुपातिकका सांसदहरुलाई राष्ट्रिय सभामा लैजाने ब्यबस्था गर्न सकेमात्र पनि छबिलालको छवि सुध्रिन सक्छ । त्यसको साथै प्रदेश सरकार हटाएर, धर्मनिरपेक्षको सट्टामा हिन्दु अधिराज्य कायम गरियोस् । साथै संबैधानिक राजतन्त्र कायम गरी सबैलाई समेटेर देश अघि बढाउन सके देशको भलो हुने थियो । यसतर्फ ढिलो चाँडो सबै दल अघि बढ्ने बाध्यत आउन सक्छ । अन्यथा नेपालमा सधैं अस्थिरता र विदेशी हस्तक्षेप कायम रहने छ । सत्ताबाट अचानक हात धुनु परेको काँग्रेसले च्याँखे थापेर बसेको छ । त्यसैले सत्तासीनहरुले आफ्ना कमजोरी लुकाएर भएपनि केही काम गरेर देखाउने बाध्यता छ ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : ताकेको कार्य पुरा होला । दैनिक कार्यमा प्रगति हुनेछ । | **तुला** : आज धार्मिक यात्राको योगछ । नयाँ कार्यको योजना बन्नेछ । |
| **वृष** : अनावश्यक यात्रा हुनेछ । कार्य सम्पादनमा समस्या आउला । | **वृश्चिक** : कार्यमा सफलता मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । |
| **मिथुन** : कान्ति र शान्ति छाउनेछ । आत्मिक सन्तुष्टि मिल्नेछ । | **धनु** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ । |
| **कर्कट** : व्यापारमा वृद्धि हुनुका साथै कार्यलाभका योग पनि देखिन्छन् । | **मकर** : आज रोकिएको कामको गाँठो फुक्नेछ । विद्याको क्षेत्र सबल रहनेछ । |
| **सिंह** : उत्साहका साथै बोली विक्ने समय छ । घरमा अतिथीको आगमन हुनेछ । | **कुम्भ** : बुद्धि र विवेकको प्रयोग गर्न सके दिनलाई सकारात्मक बनाउने समय छ । |
| **कन्या** : अनावश्यक ठाउँमा धन खर्च होला । मालसामान हराउन सक्छ । | **मीन** : विपरीत वर्गप्रति आकर्षण बढ्नेछ। मनोरञ्जनमा सहभागी भइएला । |

# साहित्य दर्पण

कथा — जगन्नाथ पन्त

## विभेदका कारक तत्व आर्थिक, सामाजिक कि धार्मिक ? (भाग-२)



...भगवानले हामीलाई सम्झने गरि सत्य कर्म गरिउ भने मात्र हामी पनि भगवान बुझ्ने हुन्छौ । अनि हजुरबा यस्तो राम्रो स्कन्द पुराणक श्लोक रहेछन, मनुले पनि जन्मले होइन कर्म अनुसार मानिसको पहिचान हुन्छ भनेका रहेछन् । किन फेरि हजुरबा हिन्दू धर्मले जातिपाती विभेद गर्छ भन्छन्, किन स्कन्द पुराण जलाए, मनुका पुत्ला जलाए ? हजुरबा अगाडि भन्नु हुन्छ शाश्त्र विराएर शासकले, पंडितले, पोपले, पादरीले मौलाना, मौलवीले विभेद जन्माएका हुन । हिन्दूले जातिपाती, इशाइले काला गोरा, मुस्लिमका पनि यस्तै कुनै प्रकारका कम वेसी भेदभावजन्य व्यवहार सृजित हुन्, सृष्टिगत होइनन् । ईश्वर सबैका समान हुन् । कुनै पनि धर्मले मानिसका विच जातिगत, वर्णगत, लिंगवत विभेद सोचेको पनि छैन । यो सब नबुझेर र बुझेकाको पनि धुत्याइ हो । मनुस्मृती मानवताको विधान हो । समानता सनातनको उद्गम हो ।

स्कन्द पुराणमा जम्मा २६८५ श्लोक छन् । पछि छाप्दै, प्रकाशन गर्दै जादा १४७१ श्लोकमा मिसावट गरियो । १२१४ श्लोक मात्र शुद्धता छन् । जातका आधारमा विभेदमा परेकाले तिनै १४७१ श्लोक पढेर हिन्दू धर्म विभेदकारी भनेका हुन, जुन स्वभाविक पनि हो । यो सव धर्मका नाममा जीविका गर्नेको चलाखी हो । पछि पछि त्यही नै सत्य हो जस्तो बुझाइयो । मानिसका तीन गुण हुन्छन् भनेर जान्नु । सतो, रजो र तमो । सतो गुणप्रधान मानिस ब्राह्मण हो, रजो गुणप्रधान मानिस क्षत्रिय हो, तमो गुणप्रधान मानिस शुद्र हो । रजो र तमो गुण मिश्रण भएको मानिस वैश्य हो । खान पानले मात्र होइन कि सोच विचाले पनि मानिसमा यी तिन गुणको उत्पत्ति हुन्छ । वेदले भगवानको शिरबाट ब्राह्मण, वाहुबाट क्षत्रिय, पेटवाट वैश्य र खुट्टावाट शुद्र पैदा भए भन्नुको अर्थ शिर बुद्धि, वाहु वल, पेट आपूर्ति र खुट्टा शरिरलाई हिडडुल गराउने अंग भनेको हो । भगवानको चरण पुजनीय हुने तर चरणबाट पैदा भएको भन्नु अपमान गरेको भनेर बुझ्नु, बुझाउनु गलत हो । वंशको आधारमा कोहि पनि ब्राह्मण, क्षेत्रीय, वैश्य र शुद्र हुँदैन, कर्म अनुसार हो । यो पेशा हो, व्यवसाय हो, रोजगारी अनुसार हो । हिन्दू धर्मका आदि जगद् गुरु शंकराचार्य, निम्वार्काचार्य, रामानुजाचार्य, माध्वाचार्य र पञ्चम मुल जगद् गुरु कृपालु महाराज सबैले जातगत विभेदलाई निषेध गरेका छन् । उहाँहरुका पिठ, आश्रम र धाममा सह भोजन हुन्छ, प्रवेश खुल्ला छ । कर्म भनेको काम प्रधान्य होइन, बिचार प्रध्यान्न हो । जस्तो सोच, बिचार गर्छ मानिसले त्यहि सोच बिचार अनुसार त काम गर्छ मानिसले । जस्तो कि चामल गहू, मकैले कार्बोहाइड्रेड, दाल, दुधले प्रोटिन, तेल घीउले चिल्लो अर्थात फ्याट, फलफूलले भिटामिन र फाइवर दिन्छ । बिचारले पनि त्यस्तै गुण दिन्छ । गुणले योग्यता, सीप, दक्षता, सभ्यता दिन्छ । त्यसै अनुसार मानिसले कर्म गर्छ । वंश अनुसार हुने भए त सबै सन्तान एकै स्तरका हुने थिए नि ।

तनहुमा केहि गरिब बाहुनले धनी गुरुङका हलो जोत्थे रे । मस्त बहादुर गरन्जा नामका प्रोफेसरले हामीलाई पढाउदा सुनाउनु भएको । एम कम डिस्टिङसनमा पास भएको छु, छोरी दिनुस विवाह गर्छु भनेर केटि माग्नु भएछ, एम कम सम कम थाहा छैन ब्रिटिस, सिंगापुरे लाहुरे घटि छोरी दिइन्न भनेर लखेटे भनेर सुनाउनु हुन्थ्यो । आर्थिक अवस्थाले पनि फरक हुँदो रछ । खानपिन, सरसफाई, रहनसहनले तमो प्रधान छ भने बिचार पनि खराव हुन्छ । सडेगलेको, मारे, मरेको, बासी खाने, फोहोरी छ भने पशु भन्दा अयोग्य हुन्छ । जात भनेको पहिचान भने हो । तर जातको आधारमा विभेद सर्बत्र वर्जित हुनुपर्छ । श्लोक बनाएर शास्त्रले यसो उसो भनेको छ भनेर कसैले उच निचको कुरा गर्छ भने त्यो स्वयं निच हो । मान्छेले बनाएका शास्त्रले भेदभाव गर्छ भने शास्त्र फेर्ने हो, धर्म फेर्ने होइन । गौदान भनेर रुपिया, पैसा दान गर्न र लिन कुन शास्त्रले भनेको छ र ? तर पुरेतहरुलाई गाई लिनु भन्दा रुपैया लिन र जजमानलाई पनि रुपियाँ दिन सजिलो हुँदा गर्न मिल्ने तर अमिल्दा, अव्यवहारिक, युग नसुहाउने शास्त्र फेर्न नमिल्ने भन्ने पनि हुन्छ र । जसले मूर्ति वनायो,उसैको फूल प्रसाद चढाउन नहुने भन्ने पनि होला र । यस्ता विषय अव देखि म संग नसोधे है नातिनी । गाह्रो छ म जस्तो अल्प ज्ञानी, अर्ध ज्ञानीलाई जवाफ दिन, तिम्रो चित्त बुझाउन् । बरु अब देखि मेरो कर्म क्षेत्रका अनुभव सुनाउला । नातिनीले हवस् हजुरबा भन्दै सम्मति जनाइन् । हजुरबा पनि बोल्न रोकिनु भयो ।

## गजल



*विचन्द्र रायमाझी*
*"मुस्कान"*
*इस्मा-२ गुल्मी*

सटिफिकेट बनाउँ कि राहादानी बनाउँ सोच्दै छु ।
कपी कलम समाउँ कि पासपोर्ट समाउँ सोच्दै छु ।।

मेरै खातिर विदेशमा बुवा श्रम गरिराको थाहा छ,
क्यारी खै म अझै यहाँ मोजमस्तिमै रमाउँ सोच्दै छु ।

ठेगान छैन पसिना बगाउने ठाउँको अत्तोपत्तो छैन,
यी पसिना विदेश यात स्वदेशमा नै बगाउँ सोच्दै छु ।

कस्तो अचम्म पढाई पनि अप्सनमा हुँदो रहेछ,
यति होकी क्याम्पस धाउँ या इनिस्टिच्युट धाउँ सोच्दै छु ।

नजन्मिनु थियो जन्मी हाले मृत्यु देखिन डर लाग्दो रहेछ,
कष्टकर जीवन मैले यहाँ खै क्यारी बिताउँ सोच्दै छु ।।

***(रायमाझी हाल त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा स्नातक प्रथम वर्षमा अध्ययनरत छन् ।)***

नियात्रा — रामबहादुर गरंजा (एसकुमार)

# बाँके र बर्दिया यात्रा एक अनुभूति




मनभरी रहर र सपनाको घर अनि भावनाका विजहरु, भविष्यका फाँटहरुमा छर्दै-छर्दै हिँड्न यहाँ कहाँ सजिलो छ र ? चाहँदैमा मात्रै पनि कहाँ सकिन्छ र ? हरेक यात्रामा दौडिनुपर्छ, दौडिन नसके हिड्नुपर्छ । कतिखेर विश्राम नलिई सूर्य र जुनजस्तै हिँडिरहनु पर्छ । जीवनको यात्रामा हिड्न नसके घिस्रिनुपर्छ, जसरी कछुवा घिस्रिन्छ एकैनास । आखिर जिउनु त छ नै नभेटिन्जेल अन्तिम विन्दुको त्यो अनौठो लक्ष्य अर्थात् मृत्यु । डायरी लेख्ने मेरो पुरानो बानी हो । देखे भोगेका कुराहरु आफ्नै आर्काइभमा सुरक्षित राख्नका लागि पनि म लेख्ने गर्छु । डायरीमा भएका विगतका घटनाहरुलाई पल्टाएर हेर्दा कतिपय कुरा आफैलाई रोचक र आनन्द लाग्ने गर्छ ।

२०/२५ दिन अगाडिको कुरा हो । मलाई निकै तनाव भइरहेको थियो । किनकी हामी बाँके र बर्दिया भ्रमणमा मन्त्रालयको एउटा कार्यक्रम लिएर जाँदै थियौं । यात्रा आफैमा सजिलो कहाँ हुन्छ र ? गाडीको यात्रा अझ मलाई पथ्थरमा टाउको ठोक्काउनु जत्तिकै गाह्रो हुन्छ । त्यो पनि ४/५ दिनको, साह्रै नै पट्यारलाग्दो बनिदिन्छ । त्यसै कारणले मैले बाइकमा यात्रा गर्न रुचाउँछु । चाहे त्यो पुष र माघको जाडो किन नहोस् । फागुन ३ गते करिब २ बजे मन्त्रालयका उप-सचिव खिमानन्द ज्ञवाली सरको नेतृत्वमा बर्दियाको भ्रमणमा निस्कियौ । भ्रमणमा कानुन अधिकृत अस्मिता अर्याल, लिला कुमाल, मनिषा खत्री र म गरी ५ जना थियौं । अमिलियामा नास्ता खाएर प्रकृतिलाई नियाल्दै, बग्दै गरेका खोला नदिहरुसँग हराउँदै र चराचुरुङ्गीको आवाजसँगै रमाउँदै हामी यात्रा पार गर्दै अगाडि बढ्यौं । सडकका छेउ छाउँमा उम्रिदै गरेको गहुँको हरिया अंकुरा देखिन्थे । कतै पाक्दै गरेको लह-लह बालाहरुले हामीलाई स्वागत गरिरहेको अनुभूति हुन्थ्यो । गोधुलीको साँझसँगै हामीलाई बर्दिया जिल्लाको कोठियाघाटस्थित गेरुवा नदिमा निर्मित १ हजार १५ मिटर लामो कोठियाघाट पुल हेर्ने अवसर प्राप्त भयो । जो नेपालको सबैभन्दा लामो पक्की पुल रहेछ । त्यहाँ २/४ वटा फोटो त लिनै पर्‍यो । सम्झनाको लागि पनि त्यो काम गर्‍यौं । अर्कोतिर कार्यक्रमको चिन्ता त थियो नै, कार्यक्रम कस्तो हुने हो ? अतिथि र सहभागीहरुको उपस्थिति कस्तो हुने हो ? कार्यक्रमको व्यवस्थापन कस्तो हुने हो ? यावत प्रश्नहरु मेरो मनमा उब्जिरहेका थिए । कार्यक्रम जति नै सानो किन नहोस् चिन्ता हुँदोरहेछ । करिब ८ बजेतिर हामी गुलरियाको बिजय गेष्ट हाउसमा विश्रामको लागि ढोका ढक्ढक्याउन पुग्यौ । त्यहाँ खाना खाएर विश्राम गर्‍यौं । अर्कोदिन ४ गते गुलरियामा लुम्बिनी प्रदेश सरकार गृह मन्त्रालयको आयोजना र जिल्ला समन्वय समिति बर्दियाको समन्वयमा देवानी संहिता र फौजदारी संहिता सम्बन्धमा सरोकारवालाहरुसँग क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरियो । जिल्ला समन्वय समिति बर्दियाका प्रमुख सुर्यबहादुर विष्ट र उप-प्रमुख अमिता कुमारी यादवले निकै सहयोग गर्नुभयो । हाम्रो कार्यक्रम सफल बनाउन शुरुदेखि अन्त्यसम्म सक्रिय सहभागिता जनाउनुभयो । जिससका नासु मनोज भण्डारी सरले स्थानीय तहबीच समन्वय गरेर हाम्रो कार्यक्रममा थप सहयोग पुर्‍याउनुभयो । ५० जनाको सहभागितामा भएको कार्यक्रमको सञ्चालन कानुन अधिकृत अस्मिता अर्यालले गर्नुभएको थियो ।

जिल्ला सरकारी वकिल कार्यालय, बर्दियाका न्यायधिवक्ता नगेन्द्र लम्सालले एउटा मुलुकी देवानी संहिता र मुलुकी देवानी कार्यविधि अर्को मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहितामा महिलाको अधिकार सम्बन्धी विषयमा निकै राम्रो प्रशिक्षण दिनुभयो । त्यस्तैगरी मन्त्रालयका उप-सचिव खिमानन्द ज्ञवाली सरले न्याय र कानुन सम्बन्धी अर्को स्थानीय तहको कानुन निर्माण प्रक्रियाका सम्बन्धमा सैद्धान्तिक कक्षा सञ्चालन गर्नुभयो भने कार्यक्रम ५ बजे सम्पन्रुन भयो । आफ्नै परिचय र पहिचान बोकेको मध्य र सुदुरपश्चिमकै मुलदबारको रुपमा रहेको बर्दिया जिल्ला वास्तवमै आफ्नै मौलिक संस्कृति र सुन्दरतामा रमणीय जिल्ला रहेछ । पहिले आदिवासी जनजाति मध्ये थारुहरुको बाहुल्यता रहेको यो जिल्लामा पछिल्ला दिनहरुमा बाह्य जिल्लाहरुबाट बसाईसराई गरी आउनेको भिडले गर्दा जातिय विविधता रहेको पाइयो वि.सं. १९१४ मा भारतमा भएको सिपाही विद्रोहको समस्या समाधान गर्न तत्कालिन प्रधानमन्त्री जंगबहादुर राणाले ईष्ट ईण्डिया कम्पनीलाई सहयोग गरेवापत वि.सं.१८७३ को सुगौली सन्धिबाट गुमेको भू-भागमध्ये पुरस्कार स्वरुप १९१७ मा बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपाललाई फिर्ता दिएकाले बर्दिया जिल्ला लगायतका जिल्लाहरुलाई नयाँ मुलुकको रुपमा चिनिन्छ भनेर जिल्ला समन्वय समितिका प्रमुख सुर्यबहादुर विष्टले छोटो बसाईमा बताउनुभयो ।

अर्कोदिन ५ गते त्यहाँबाट विदाईका हात हल्लाउदै हामी यात्रामा निस्कियौं । कैलालीको चिसापानीमा रहेको नेपालकै लामो मध्यको कर्णाली पुल हेर्ने हामीलाई सौभाग्य मिल्यो । वि.स.१९९३ मा स्थापना भएको त्यो पुल ५०० मि. लामो र १० मि. चौडाइ रहेछ । दुई खम्बामा निर्माण उक्त पुल जापानको कावासाकी हेवी इन्डस्ट्रिजले गरेको रहेछ । त्यहाँको विशेषता भनेको बिहान र बेलुका मान्छेलाई नै उडाउला जस्तो गरी हावा जोडले लाग्ने रहेछ । कर्णाली नदिको हावामा हाम्रा थकाई र पिडाहरुलाई पनि उडाउँदै हामी बर्दिया राष्ट्रिय निकुञ्ज हेर्दै बाँकेतिर लाग्यौं । निकुञ्जमा टाइमकार्ड अनुसार यात्रा गर्नुपर्ने रहेछ सोही अनुसार विस्तारै अगाडि बढ्यौं । बर्दियाको बबई पुलमा केही समय हाम्रो यात्रालाई ब्रेक लगायौं । नदिको किनारमा हास र चखेवाको जोडी खेलेको, मृग पानी पिउन आएको देखेर हामी मन्त्रमुग्ध भयौं । त्यतिमात्र नभएर त्यहाँ एउटा रोचक दृश्य देखिन्थ्यो । मयुर चरेको देखेर गोहीहरु आफ्नो आहाराको लागि विभिन्न दिशाबाट आउँदै थिए । त्यसलाई कसरी नियन्त्रणमा लिने भनेर शायद योजना बनाउँदै थिए होला ।

यस्तै सुन्दर आकृतिहरु मानसपटलमा सजाउँदै हामी साँझ नेपालगञ्ज पुग्यौ र सहकारी प्रशिक्षालयको भवनमा बास बस्यौं । फागुन ६ गते म झिसमिसे बिहानीसँगै मर्निङ्गवाक निस्किए । बिहानीको सफा मौसम, खुल्ला र ठूला सडक, शहरका ति झिलीमिली बत्तिहरु अनि आकासमा चन्द्रमा र ताराहरुको सामिप्यता र अगाढ प्रेम हेर्दै एक्लै यात्रा गर्नुको छुट्टै मजा थियो । आहा ! पूर्वमा रातो लाली छाउँदै थियो र कुखुराले सुतिरहेको बस्तीलाई जगाउँदै थियो । बिहानी मिर्मिरेसँगै म आफ्नो कोठामा फर्किएँ । नास्ता खाएपछि ९ बजे बर्दियामा गरेकै शीर्षकमा कार्यक्रमको तयारीमा जुट्यौं । बाँकेको निमित्त जिल्ला समन्वय अधिकारी तुलाराम गिरीले सबै तयारी पूरा भएको जानकारी गराउनुभयो । जिल्ला समन्वय प्रमुख ज्ञानेन्द्र कुमार चौधरीले ब्यानर वाचन गरेर ५० भन्दा बढी सहभागिता रहेको उक्त कार्यक्रमको औपचारिक उद्घाटन गर्नुभयो । यस कार्यक्रमलाई उच्च सरकारी वकिल कार्यालय, बाँकेका सह-न्यायधिवक्ता उमाकान्त पौडेलले देवानी कानुनका सिद्धान्त र देवानी संहिताका प्रमुख विशेषताहरु र अर्को शेषनमा फौजदारी कानुनका विशेषता र फौजदारी संहिताका प्रमुख विशेषताहरु भन्ने विषयमा सहजीकरण गर्नुभएको थियो । उहाँमा निकै फुर्तिफार्ती देखिन्थ्यो । सहभागीहरुले उठाएका प्रश्रुनहरु निकै छिटो, जोस र मुस्कानका साथ जवाफ दिनुहुन्थ्यो । त्यस्तैगरी खिमानन्द ज्ञवाली सरले न्याय र कानुन अनि स्थानीय तह र प्रदेश विचको कानुन निर्माण प्रक्रियाका विषयमा सरल तरिकाले प्रशिक्षण गर्नुभयो भने कार्यक्रम करिब ५ बजे सकियो । अर्कोदिन बाँकेको विभिन्न ठाउँहरु घुम्ने अवसर छुटाएनौ । बाँके जिल्ला नेपालको सुदुरपश्चिम क्षेत्रकै प्रमुख औद्योगिक तथा व्यापारिक केन्द्र रहेछ । यस जिल्लाको सदरमुकाम नेपालगञ्ज समुन्द्री सतहभन्दा १४९ मिटर उचाईमा रहेको पाइयो । परापूर्वकालमा तराईमा औलो, कालाजार लगायतका रोगबाट यस क्षेत्रमा बसोबास गर्ने अधिकांश मानिसको मृत्यु भई सीमित मानिस मात्र बाँकी रहन गएको र सो ठाउँलाई पछि बाँके भन्न थालिएको किंबदन्ती रहेछ ।

त्यसैगरी नेपालगञ्जमा रहेको बागेश्वरी मन्दिर बाँके जिल्लाकै एक प्रशिद्ध मन्दिर रहेछ । यो मन्दिर हिन्दु धर्मावलम्बीहरुको महत्वपूर्ण शक्तिपीठको रुपमा प्रख्यात मानिन्छ । सतीदेवीको जिब्रो पतन भएकोले बाकेखरी, बाकेश्वरी अपभ्रंश भई बागेश्वरी हुँदै जिल्लाको नाम बाँके रहन गएको जनविश्वास छ । सतीदेवीको देहान्त भएपछि पीडामा रहेका महादेवले सतीदेवीको शव बोकेर भौंतारिरहेका बेला सतीदेवीका अंगहरु पतन भएको धार्मिक मान्यता छ । त्यसबेला शवयात्राका क्रममा सतीदेवीको जिब्रो पतन भएको ठाउँमा कालान्तरमा बागेश्वरी मन्दिर स्थापना भएको स्थानीय बासिन्दा बताउँछन् । ठूलो पोखरीको बिचमा रहेको नेपालको एकमात्र जुंगे महादेवको मुर्तिको दर्शन गर्न आउनेहरुको संख्या हरेक वर्ष बढिरहेको त्यहाँका पुजारी बताउँदै थिए । एउटा ठूलो तलाउको किनारामा रहेको यो मन्दिर नयाँ मुलुकका रुपमा बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपालमा गाभिएपछि मात्रै पत्ता लागेको इतिहास छ । त्यहाँ २/४ वटा फोटो लिएर हामी नेपाल र भारतको सिमाना नेपालगञ्जको रुपडिया (जमुनाहा) नाका पनि हेर्न पुग्यौ । ओहो ! मान्छेहरुको आवत जावत हेर्दा ठूलो महामेला लागेको अनुभव भयो । हामी एउटा प्रतिक्षालयमा बसेर केही समय समिक्षा पनि गर्‍यौ । नेपालको पैसा कति भारत गयो होला र नेपालीहरुले भारतबाट कति सामान र विषादियुक्त तरकारी नेपाल भित्र्याए होलान् । सीमा सुरक्षाकर्मीले अलि-अलि चेकजाँच गरेर आफ्नो डिउटी त पुरा गर्थे तर समग्रमा भने त्यो नाका खुल्ला जस्तै देखिन्थ्यो । त्यही रमिता हेर्दै र धुलो खाँदै हामी कोठातिर फर्क्यौं । बाँके र बर्दिया यात्रामा मैले धेरै कुरा फरक पाएँ । त्यहाँ बुटवल र काठमाडौंका जस्ता ठूला-ठूला आलिसान महलहरु मैले कतै देखेन । चाहे त्यो सदरमुकाम र शहर नै किन नहोस् सबै घर र भवनहरु एकतले मात्र देखिन्थे अनि सबै भूकम्प प्रतिरोधी जस्ता लाग्थे । केही जिज्ञासा, कौतुहलता र प्रश्नहरुलाई मनमा खेलाउँदै ७ गते हामी दाङको यात्रामा फर्कियौ । भर्खरै निर्मित हुलाकी राजमार्ग सफा, शान्त, सिँधा र चिटिक्क परेको निकै आनन्द आइरहेको थियो यात्रामा । बाटा-घाटाका विभिन्रुन दृश्यहरुलाई मनको डायरीमा नोट गर्दै र आँखाको पर्दामा उतार्दै अगाडि बढ्यौं जो पुरानो मेनरोड भन्दा आधा छिटो पनि हुँदो रहेछ । यात्राकै क्रममा खिमानन्द सर, लिला र मनिषाको दोहोरी चल्यो अनि हामीले पनि होस्टेमा हैसे मिलायौं । सरले गित र कविता निकै मजाले गाउँनु हुँदोरहेछ निकै जोसिलो हुनुहुन्छ । उहाँमा कुनैपनि काम हुँदैन र सकिदैन भन्ने कुरा हामी सुन्रुन पाउँदैनौ । त्यस्तैगरी यात्रामा अस्मिता मेमले बेला-बेलामा ताली बजाउँदै र गुनगुनाउदै साथ दिनुहुन्थ्यो । उहाँले यात्रामा सवार यात्री र देखिएका दृश्यहरुको भिडियो ब्लग बनाइरहनुभएको थियो । उहाँ, निकै सहयोगी हुनुहुन्छ । त्यस्तैगरी असल र सरल पनि । आवश्यकता भन्दा बढी कुरा गर्न रुचाउनुहुँदैन् । उहाँमा, कुरा भन्दा काम गर्नुपर्छ भन्ने सिद्धान्त छ ।

त्यस्तैगरी लिला सरको त के कुरा गरौं मान्छे लिलै गर्नुहुन्छ । नाँच्न, गाउन र कुरा गर्न धेरै सिपालु हुनुहुन्छ । त्यतिमात्र नभएर हरेक कुराको विश्लेषण र संश्लेषण गर्न सक्ने मान्छे । त्यसैले हामीले उहाँलाई विज्ञ भनेर पनि चिन्छौं । मनिषा मेमको विशेषता पनि काममा निकै फुर्तीफार्ती छ । मोटी भए पनि जोशिली हुनुहुन्छ र उत्तिकै सहयोगी पनि । यात्रा निकै रमाइलो भइरहेको थियो । राप्तीसोनारी गाउँपालिकाको अगैयास्थित राप्ती नदीमा लुम्बिनी प्रदेशकै गौरवको आयोजना सिक्टा सिंचाई आयोजना निर्माण भएको रहेछ । ३१७ मि. लामो ब्यारेज ४२,७६६ हेक्टरमा सिंचाई सुविधा पुर्‍याउने लक्ष्य रहेको कुरा त्यहाँ पुगेपछि थाहा पायौं । यात्रामा बेला-बेलामा खिमानन्द सर, लिला र मनिषाको हिन्दी भाषामा पनि वार्तालाप हुन्थ्यो । लिला सरका पटाका, डिजे र चपातीका कुराले पेट मिचि-मिचि हाँस्यौं । लिला सरले धेरै बेर हँसाउनुभयो, यसरी शायद म कहिले पनि हाँसेको थिएन जे होस् मुड फ्रेस भएको थियो । हाँस्दा हाँस्दा मेरो मुख पनि दुखेको थियो । यात्रा यस्तै रमाइलो पलसँगै अनवरतरुपमा अगाडि बढिरहेको थियो । हाम्रो टिम मिलेको थियो, त्यसैले त कार्यक्रमका साथै यात्रामा कुनै समस्या र गुनासो थिएन । मैले शुरुमा सोचेको र कल्पना गरेको भन्दा ठिक उल्टो दिशाबाट यात्रा भैरहेको थियो । यस्तै रमाइलो यात्रासँगै पिपरीमा रहेको थारु दरवार रेष्टुरेन्टमा खाना खाएर हामी सकुसल ९ बजे आ-आफ्नो निवासमा पुग्यौ ।

***(लेखक गरंजा लुम्बिनी प्रदेश सरकार, गृह मन्त्रालय राप्ती उपत्यका (देउखुरी)मा कार्यरत छन् ।)***

# तानसेन नगरले महोत्सव गरेर नमूना काम गऱ्यो : सभामुख घर्ती



**पाल्पा,** चैत २/लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले तानसेन नगरपालिकाले महोत्सव गरेर प्रदेशमै नमुना काम गरेको बताएका छन् । नगर सरकारले तानसेनको टुँडिखेलमा सञ्चालन गरेको पहिलो तानसेन महोत्सवको समापनलाई सम्बोधन गर्दै नगर सरकारले महोत्सव गरेर राजस्व संकलन गर्ने काम प्रदेशमै नमुना रहेको बताएका हुन् ।

उनले माटाका भाडा, काठका भाडा, बासका सरसमान, विभिन्न घरेलु कृषि औजार जस्ता वस्तुहरुको प्रदर्शनी अनुसार उनीहरुलाई प्रोत्साहन हुने गरी नीति तथा कार्यक्रम बजेट बनाएर काम गर्न नगरपालिकालाई सभामुख घर्तीमगरले सुझाव समेत दिए । पाल्पाको पर्यटन विकासको लागि तानसेनलाई केन्द्र विन्दु बनाएर पर्यटन पूर्वाधार, पर्यटन गन्तव्यहरुको विकास गर्दै जानुपर्ने उनले बताए । पाल्पाका स्थानीय, प्रदेश तथा संघीय जनप्रतिनिधीहरुले हाम्रो पाल्पा, राम्रो पाल्पा, समृद्ध पाल्पा बनाउन आ-आफ्नो क्षेत्रबाट सक्रिय भूमिका खेल्न सभामुख घर्तीमगरले अनुरोध गरे । प्रदेश सरकारले पाल्पालाई ढाका र कस्वाको प्रवर्द्धन गर्न विशेष कार्यक्रम, बजेट विनियोजन गर्ने सभामुख घर्ती मगरले बताए । कार्यक्रममा पूर्व उद्योगमन्त्री सोमप्रसाद पाण्डेले पाल्पा पहाडी क्षेत्र भएकाले ठूला-ठूला उद्योग धन्दा कलकारखानाको सम्भावना कम भएकाले पर्यटनको माध्यमबाट नै जिल्ला समृद्ध बनाउन सकिने बताए । आफ्नो कार्यकालमा पाल्पालाई चिनाउने पर्यटन सम्बन्धी थुप्रै काम तथा गतिविधिहरु गरेको पूर्वमन्त्री पाण्डेले बताए । प्रदेश सांसद खेमबहादुर सारुले तानसेन नगरपालिकाले गरेको महोत्सव सकारात्मक तथा नकारात्मक दुवै पक्षको समिक्षा गरेर भएका कमी कमजोरीहरुलाई सच्चाएर जानुपर्नेमा जोड दिए । प्रदेश सरकारले पाल्पाको पर्यटन विकासमा सहयोग पुऱ्याउन श्रीनगर साँस्कृतिक डवली निर्माण गरी नगरपालिकालाई हस्तान्तरण गरेको बताए । कार्यक्रमा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले, घरेलु तथा साना उद्योग कार्यालय पाल्पाका प्रमुख श्यामकृष्ण पौडेल र पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम राना लगायतले महोत्सवबाट नगरपालिकाले ठूलो राजश्व संकलन गरेर नमुना काम गरेता पनि मिडियामा आएका आलोचनात्मक कुराहरुलाई पनि गंम्भीर रुपमा लिई सुधार गर्नुपर्नेमा जोड दिए । नगरप्रमुख सन्तोषलाल श्रेष्ठको अध्यक्षता, उपप्रमुख प्रतिक्षा गाहा सिंजालीको धन्यवादज्ञापन र प्रवक्ता यादवसिंह कार्कीको सञ्चालनमा कार्यक्रम भएको थियो । फागुन १९ गते देखि शुरु भएको महोत्सव चैत्र १ गते सम्म १३ दिन सम्म सञ्चालन भई सकिएको छ । महोत्सवमा ३ लाख दर्शक र १० करोड रुपैयाँको कारोवारको अपेक्षा राखेकोमा दर्शकको संख्या ३ लाख पुगे पनि ८ करोड सम्मको कारोवार भएको नगरपालिकाले जनाएको छ । नगरपालिकाले महोत्सवबाट ६१ लाख राजश्व संकलन गरेको छ ।

# नेपाल भूतपूर्व सैनिक संघ पाल्पामा तदर्थ समिति गठन



**पाल्पा,** चैत २/नेपाली कांग्रेसको भातृ संस्था नेपाल भूतपूर्व सैनिक संघ पाल्पामा तदर्थ समिति गठन भएको छ । शुक्रबार तानसेनमा भएको भूतपूर्व सैनिकहरुको भेलाले संघको तदर्थ समिति गठन गरेको हो ।

भेलाले कमल विक्रम खाँणको अध्यक्षतामा १५ सदस्यी तदर्थ समिति गठन गरेको छ । जसको सदस्यहरुमा ल्याप्टेन सिवराज थापा, सुवेदार चक्रबहादुर राना, ह.ना.सु तिलबहादुर राना, ह.क्या. बलहादुर जिसी, अ.क्या. देवबहादुर थापा मश्राङ्गी, ह. खड्क बहादुर शाही, ह.लक्ष्मण केसी, सु. हिरासिं राना, सु.टिकाराम राना, सु.हेमबहादुर सारु, ह.पूर्णबहादुर गाहा, अ.क्या. ओमबहादुर थापा, ना.सु. दुरेन्द्रबहादुर आले र ह.लेख बहादुर राना चयन भएको निर्वाचन अधिकृत टंकनाथ न्यौपानेले जानकारी दिए । उनका अनुसार समितिमा थप १४ जना सदस्य मनोनित गरी समितिले पूर्णता पाउने छ । उक्त समितिबाट नै उपाध्यक्ष, सचिव, कोषाध्यक्ष चयन हुने छन् । यो समितिले संघका निर्वाचन गराई नयाँ नेतृत्व चयन गर्ने छ । अध्यक्षमा चयन भएका खाँणले इमान्दारीताका साथ काम गर्ने प्रतिवद्धता जनाएका छन् । नेपाली कांग्रेस केन्द्रले सबै भातृसंस्थाहरु विघटन गरी नयाँ समिति चयन गर्न निर्देशन दिएसँगै संघले तदर्थ समिति गठन गरेको हो ।

# स्वदेशी काठको उत्पादन...

...वनलाई डढेलोबाट जोगाई वायु प्रदूषण र आगलागीबाट हुने जनधनको क्षतिलाई कम गर्नका लागि आम उपभोक्ता लगायत सबै सरोकारवाला समक्ष महासंघले आह्वान गरेको छ । बैठकले दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्डसहितको कार्यविधि तत्काल लागू गर्नसमेत माग गरेको छ ।

सामुदायिक वनमा पर्यापर्यटन विकास गर्ने कार्यमा स्थानीय तहबाट हस्तक्षेपकारी भूमिका देखिएकोमा महासंघको ध्यानाकर्षण भएको छ । सामुदायिक वनले सञ्चालन गर्दै आएका पर्यापर्यटन कार्यक्रमहरु निजी क्षेत्रलाई सुम्पिने गरी स्थानीय तहबाट प्रकाशन गरिएका सम्पूर्ण बोलपत्र आह्वान तत्काल रद्द गर्न महासंघले आग्रह गरेको छ । वन नियमावली २०७९ मा गरिएका विभिन्न व्यवस्थाहरु संघीय वन ऐन २०७६ र प्रदेशका वन ऐन, नियमावली र आर्थिक ऐनसँग बाझिएका र नियमावलीमा गरिएका कैयौं व्यवस्था वन अभियानलाई अवरोध गर्ने किसिमका आएकोमा ऐन, नियम तत्काल संशोधन गर्न महासंघले माग गरेको छ । बैठकले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ तत्काल खारेज गरी समुदाय मैत्री ऐन बनाउन र मध्यवर्ती सामुदायिक वनहरुलाई सामुदायिक वनमा रुपान्तरण गर्न माग गरेको छ । जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलनमा सहयोग गर्ने दातृनिकायहरुले समेत सामुदायिक वन उपभोक्ता समूह लागयतका स्थानीय समुदायमार्फत जलवायु वित्त परिचान नगरी सरोकार नै नभएका सरकारी निकाय र नाफामूलक क्षेत्रलाई हावी गराउने गरी जलवायु वित्तको दुरुपयोग गर्ने कार्य गरिदै आएकाले तत्काल उक्त कार्य रोक्न माग गरेको छ ।

वन नियमावली २०७९ मा सामुदायिक वन उपभोक्ता समूहको साधारणसभाको सहमतिबिना सामुदायिक वनमा कुनै पनि किसिमका विकास आयोजनाका लागि भौतिक संरचना बनाउने नपाइने व्यवस्थाविपरीत प्रावधानविपरीत विकास आयोजनाका नाममा अतिक्रमण गरी भौतिक संरचना बनाउने कार्य गरिएकाले उक्त कार्य रोकन सबै तहका सरकारलाई आग्रह गरेको छ । बैठकले वन्यजन्तुको कारण धनजनको ठूलो क्षति भएको हुँदा वन्यजन्तुको व्यवस्थापन गरी राहत र उचित क्षतिपूर्तिको व्यवस्था गर्दै वन्यजन्तुबाट हुने आतंक तत्काल बन्द गर्नसमेत बैठकले माग गरेको छ । सामुदायिक वन उपभोक्ता समुहरुलाई पान नम्बर लिनका लागि अन्तिम एक आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको आधारमा सहज रूपले पान नम्बर लिन पाउने व्यवस्थाका लागि नेपाल सरकारसँग माग गरेको छ । पत्रकार सम्मेलनमा महासंघका केन्द्रीय अध्यक्ष ठाकुर भण्डारी, वरिष्ठ उपाध्यक्ष विर्खबहादुर शाही र महासचिव पार्वता गौतमले पत्रकारहरुले उठाएका कुराहरुको जवाफ दिएका थिए ।

## खेलकुद समाचार

# लुम्बिनीलाई हराउँदै कर्णाली फाइनलमा



**काठमाडौं,** चैत २/कर्णाली प्रदेशले विराटनगरमा जारी कोशी प्रदेश ट्रफी टी-२० राष्ट्रिय प्रतियोगितामा लुम्बिनी प्रदेशलाई ५ विकेटले हराउँदै फाइनलमा पुगेको छ ।

शुक्रबार भएको खेलमा जितको लागि १५२ रनको मध्यम लक्ष्य कर्णालीले १८.५ ओभरमा ५ विकेट गुमाउँदै पूरा गऱ्यो । कर्णालीको जितमा अर्जुन घर्तीले २७ बलमा ५ चौका र १ छक्कासहित सर्वाधिक ४३ रन बनाए । दिनेश अधिकारीले २० बलमा २ चौका र ३ छक्कासहित ३६ रनमा नट आउट रहे । कप्तान रविन्द्रजंग शाही २४, मनिष थापा १०, विपिन रावल १९, हिमांशु शाही ५ र दीपेन्द्र रावत ११ रनमा आउट भए । लुम्बिनीका वीर मगर, निर्मल गुरुङ, देव खनाल, नर सार्की र कृष्ण कार्कीले १-१ विकेट लिए ।

त्यसअघि बैजनाथपुर मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको लुम्बिनी प्रदेश १८.२ ओभरमा १५१ रनमा अल आउट भएको थियो । लुम्बिनीका आकाश त्रिपाठीले ३९ बलमा १० चौका र १ छक्कासहित सर्वाधिक ६५ रन बनाए । निर्मल गुरुङले २२, देव खनालले १२, प्रज्वल थापाले ११ र दिलसाद अलीले १४ रन बनाए । कर्णालीका दीपेन्द्र रावतले ४, प्रकाश जैसीले ३, दिवान पुनले २ र दिनेश अधिकारीले १ विकेट लिए । पहिलो सेमिफाइनल खेलमा त्रिभुवन आर्मी क्लबले सुदूरपश्चिम प्रदेशलाई ५ विकेटले हराउँदै फाइनलमा पुगेको थियो । फाइनल शनिबार हुनेछ । यसअघि समूह चरणमा आर्मीले कर्णाली प्रदेशलाई ८ रनले पराजित गरेको थियो ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य घट्यो, चाँदीको स्थिर



**पाल्पा,** चैत २/पछिल्लो केही दिन यता नेपाली बजारमा निरन्तर बढीरहेको सुनको भाउ शुक्रबार भने घटेको छ । हालसम्मकै उच्च मूल्यमा पुगेको सुनको भाउमा समान्य गिरावट आएको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार छापावाल सुनको मूल्य प्रतितोला चार सय रुपैयाँले घटेर प्रतितोला एक लाख २५ हजार चार सय रुपैयाँ कायम भएको छ । बिहीबार छापावाल सुनको मूल्य प्रतितोला एक लाख २५ हजार आठ सय रूपैयाँ थियो । त्यसैगरी तेजाबी सुनको मूल्य पनि प्रतितोला चार सयले घटेर प्रतितोला एक लाख २४ हजार आठ सय रुपैयाँ कायम भएको छ । बिहीबार तेजावी सुनको मूल्य प्रतितोला एक लाख २५ हजार दुई सय रुपैयाँ थियो । यस अघि मंगलबार पनि एक हजारले सुनको मूल्य घटेको थियो । सुनको मूल्य घटे पनि चादीको मूल्य भने स्थिर रहेको छ । बिहीबारको तुलनामा शुक्रबार चाँदीको मूल्य भने स्थिर छ । चाँदीको मूल्य प्रतितोला एक हजार पाँच सय १५ कायम भएको छ । १७ कात्तिक २०७९ मा प्रतितोला ९३ हजार १ सय रुपैयाँमा सुनको कारोबार भएको थियो । विगत २६ दिनमा सुनको मूल्य ८ हजार ५ सय रुपैयाँ बढेको देखिन्छ । फागुन ३ गते सुनको भाउ तोलामा १ लाख १६ हजार ५ सय रुपैयाँ थियो । महासंघले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ ।


मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## शिक्षक आवश्यकता

मितिः २०८०/१२/०१

यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८०/१२/०१ गतेको निणर्य तथा शिक्षा विकास तथा समन्वयन इकाई, पाल्पाको मिति २०८०/१२/०१ को च.न. ९३१ को अनुमति पत्र अनुसार तपशिल अनुसारका शिक्षकको अस्थायी करार नियुक्तीका लागि योग्गता पुगेका देहायका पदको लागि विज्ञापन आह्वान गरिन्छ ।

**तपशिल :**
**विज्ञापन नं.** : ३, **तह** : मा.वि., **श्रेणी** : तृतीय, **किसिम** : राहत करार, **विषय** : अंग्रेजी
**न्युनतम शैक्षिक योग्यता** : वि.एड. वा सो सरह
**उमेर** : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको, **दरखास्त दस्तुर** : रु १५००/-
**तलब भत्ता** : नेपाल सरकारले तोके अनुसार
**निवेदन दिने अन्तिम मिति** : २०८०/१२/१५ गते
**सम्पर्क मिति** : २०८०/१२/१६ गते, **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम** : लिखित तथा अन्तर्वाता
**पेश गर्नुपर्ने आवश्यक कागजातहरु** : नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, स्थाई अध्यापन अनुमति प्रमाणपत्र, निवेदन ।
**सम्पर्क नं** : ९८४२८६१२१८, ९८४७०२८८३५
**नोट** : लुम्बिनी प्रदेश को मा.वि. अंग्रेजी विषयको करार सूचीमा सूचिकृतले प्रमाण सहित मिति २०८०/१२/०७ गते सम्म दावी निवेदन दिनुहुन जानकारी गरिन्छ । मेल मार्फत निवेदन पेश गर्नको लागि विद्यालयको इमेल prabhatsschool@gmail.com मा राष्ट्रिय वाणिज्य बैंकको विद्यालय खाता SHREE PRABHAT MADHYAMIK VIDHYALAYA Ac No: 3030100003058001 मा परीक्षा दस्तुर जम्मा गरेको भौचर वा प्रमाण सहित आवस्यक कागजातहरु इमेल गर्नुहुन अनुरोध गरिन्छ ।

**श्री प्रभात माध्यमिक विद्यालय**
रिब्दीकोट-७, मैनादी, पाल्पा


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई